# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

☎ ०११-१४१२११२
०११-१४१२११३
०११-१४१२११४


मितिः २०८२/०५/१२

विषयः धान खेती गर्नुहुने सम्पूर्ण किसान दाजुभाईहरुको लागि जानकारी गराईएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तरगत विभिन्न क्षेत्रहरुमा लगाइएको धानबाली हाल गाँज हाल्ने (Active tillering stage) र गुवोभित्र बालाको विकास हुने (Booting stage) चरणमा रहेको र यसै क्रममा वडा नं. ०८ स्थित ढाईटार, चनौटे फाँटमा किसानहरुले लगाएको मकवानपुर जातको धानबालीमा नेपाल कृषि अनुसन्धान परिषद (NARC) बाट आउनु भएको टिमले निरीक्षण गर्दा समेत तपसिल बमोजिमको किराको प्रकोप देखिएकोले अन्य किसानहरुको धानबालीमा पनि उक्त किराको प्रकोप बढ्दै जान सक्ने भएकोले समयमै सजगभई तपशिल बमोजिमको प्रविधि अनुसार किराको पहिचान गरि सिफारिस गरिएअनुसारको व्यवस्थापन विधि प्रयोग गर्न र गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिलः</u>

<u>किराको नामः</u>

१. पहेंलो गबारो (Yellow stem borer)

<u>पहिचानः</u>

१. किराको वयस्क पुतली पहेंलो खैरो (Yellowish-brown) रंगको हुन्छ।
२. किराको लार्भाको शरीर घ्यू सेतो (Creamy-white) रंगको र टाउको खैरो (Brown) रंगको हुन्छ।
३. किराको अचल अवस्था (Pupa) खैरो रंगको हुन्छ र डाँठ वा गुवोभित्र रहन्छ।
४. पातको पछाडिपट्टि टुप्पोतिर मुख्य नसा नजिकै सेतो/पहेंलो रंगका भुवादार फुल/अण्डाको समुह देख्न सकिन्छ।

<u>क्षतिको लक्षणः</u>

१. किराको लार्भाले अण्डाबाट निस्केको केही दिनमै विस्तारै काण्डमा प्वाल बनाएर काण्डभित्र पसेर क्षति गर्दछ। संक्रमित बोट/सराको फेदतिर लार्भाले बनाएको प्वाल देख्न सकिन्छ।

०८२/०५/१२

चुन बहादुर राई
कृषि अधिकृत (सातौं)

मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal
०११-१४१२११२
०११-१४१२११३
०११-१४१२११४

२. शुरुको अवस्थामा गुवो तान्दा सजिलै फुत्त आउँछ, यसलाई मृत गुवो (Dead heart) भनिन्छ। पछिल्लो चरणमा गवारोले गुवो खाँदै जाँदा सेतो बाला वा फोस्रो बाला देखिन्छ जसलाई White head भनिन्छ। त्यसपछि गवारो सँगैको अर्को सरा वा गाँजमा प्रवेश गरि नोक्सान पुर्याउँदछ।

**व्यवस्थापन विधि:**

१. शुरुको समयमा सकेसम्म धान लगाउने सबै क्षेत्रमा एकैपटक धान लगाउने।

२. धान काटिसकेपछि खेतमा रहेका सम्पूर्ण ठुटाहरु जलाई नष्ट गर्ने वा ठुटा डुब्ने गरि पानी पटाइदिने वा धान काटेपछि खेतलाई जोतिदिने।

३. बेर्नाको पातको टुप्पोमा देखिएका फुल/अण्डाहरुलाई टुप्पो चुँडेर नष्ट गर्ने।

४. प्रकाशको पासोको माध्यमबाट वयस्क पुतलीलाई आकर्षित गरि मार्ने।

५. ट्राइकोग्रामा परजीवी किरा धान रोपेको ३/४ हप्तापछि प्रयोग गर्ने। ५×१० से.मि. साइजको कार्डमा करिब २० हजार ट्राइकोग्रामा रहेको हुन्छ। १ हेक्टर जग्गाको लागि करिव १० वटा कार्ड प्रयोग गर्न सकिन्छ।

६. ब्यासिलस थुरिन्जेन्सिस (बि.टि.) ३ ग्राम प्रति लिटर पानीका दरले छर्कने।

७. गवारोको प्रकोप धेरै (१०% भन्दा बढि) भएमा Cartap Hydrochloride 4% GR वा Chlorantraniliprole 0.4% GR वा Fipronil 0.3% GR दानादार रासायनिक विषादी १.२५ के.जी. प्रति रोपनीका दरले खेतमा छिपछिपे पानी बनाई छर्ने र विषादी छरेको ४ दिनसम्म खेतबाट पानी बग्न नदिने।

८. माकुरा, लामा सिंगे फटयाङ्ग्रा जस्ता मित्र जीवको संरक्षण गर्ने।

**बोधार्थ:** सूचना तथा प्रविधि शाखा, वेभसाईडमा अपलोड गरिदिनु हुन ।

२०८२/०५/१२

चुन बहादुर राई
कृषि अधिकृत (सातौं)